# गाउँ कार्यपालिका बैठक

## बैठक नं. -१

आज मिति २०७९ साल श्रावण ६ गते शुक्रबारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावमाथि छलफल गरी निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री साबित्रा कोइराला | उपाध्यक्ष |
| श्री टंकराज पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत |
| श्री हिरामणी पाण्डे | अधिकृत छैठौं |
| श्री कृष्ण बहादुर लामिछाने | १ नं. वडाध्यक्ष |
| श्री खगीसरा आले | २ नं. वडाध्यक्ष |
| श्री देवेन्द्र कुमार थापा | ३ नं. वडाध्यक्ष |
| श्री यादव प्रसाद पाण्डेय | ४ नं. वडाध्यक्ष |
| श्री रुक बहादुर थापा | ५ नं. वडाध्यक्ष |
| श्री सुन्दर प्रसाद अधिकारी | ६ नं. वडाध्यक्ष |
| श्री उम प्रसाद भट्टराई | ७ नं. वडाध्यक्ष |
| श्री हुमा देवी सार्की | कार्यपालिका सदस्य |
| श्री टिकीसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री दीपा सिंजाली | कार्यपालिका सदस्य |
| श्री रुपमाया राना | कार्यपालिका सदस्य |
| श्री लोक बहादुर सुनार | कार्यपालिका सदस्य |
| श्री प्रेम बहादुर बोटे | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी नानु राना | क.अ. |

२०७९/०४/०६

प्रस्तावहरु:

१. विपद् लाभग्राही विवरण सम्बन्धमा।
२. भुक्तानी बाँकी आयोजना/कार्यक्रम सम्बन्धमा।
३. आयोजनाहरुको म्याद थप सम्बन्धमा।
४. विषय विज्ञ छनौट सम्बन्धमा।
५. आर्थिक सहयोग सम्बन्धमा।
६. समिति गठन सम्बन्धमा।

निर्णयहरु:

माथिका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

निर्णय नं. १

मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम यस स्थानीय तह क्षेत्रभित्र मनसुनजन्य बाढी तथा पहिरोका कारणले क्षति पुगेका निजी आवास प्रवलीकरण/पुनर्निर्माण/पुनर्स्थापनाका लागि कार्यविधिको दफा ३ बमोजिम लाभग्राही पहिचान गर्ने सन्दर्भमा कार्यविधिको अनुसूचि १ बमोजिम विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण लागत संकलन गर्न पालिकाको निर्णयानुसार खटाइएका प्राविधिक कर्मचारीले स्थलगत रुपमा खटिई संकलन गरिएको तपसिल बमोजिमको विवरण लाभग्राही पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो।

तपसिल:

प्रबलीकरणका लाभग्राहीको विवरण

| सर्वेक्षण दर्ता नम्बर | घर मालिक (हरु) | जिल्ला | स्थानीय स्तर | वार्ड नम्बर | सर्वेक्षणकर्ता |
|---|---|---|---|---|---|
| १४७३-७-२० | Januka Devi Gharti | Syangja | Kaligandaki Rural municipality | ४ | gaha |

पुनर्निर्माण लाभग्राहीको विवरण

| सर्वेक्षण दर्ता नम्बर | घर मालिक (हरु) | जिल्ला | स्थानिय स्तर | वार्ड नम्बर | सर्वेक्षणकर्ता |
|---|---|---|---|---|---|
| १४७३-७-२१ | Bimala Damai | Syangja | Kaligandaki Rural municipality | ३ | gaha |
| १४७३-७-२२ | Man Kumari Gaha | Syangja | Kaligandaki Rural | ४ | gaha |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

निर्णय नं. २

तपसिल बमोजिमका आयोजनाहरुको भुक्तानी बाँकी रहेको हुँदा यस आ.व.मा भुक्तानी दिने निर्णय गरियो।

१. इन्धन खर्च भुक्तानीः रु.२८,०८६।-
२. ल्याण्डफिल्ड साइटको विस्तृत इन्जिनियरिङ्ग डिजाईनः रु.५,०१,६६४।-
३. ६ नं. वडा कार्यालय मर्मत तथा निर्माण रु.४,०५,८६७।-
४. बाटो सरसफाई (विपद्) : रु.१,०९,६८५।-
५. सार्वजनिक सुनुवाई कार्यक्रमः रु.९४,४१९।-
६. प्रशासकीय भवन निर्माणः रु.२०,९४,६०८।-
७. भृगुतुङ्गेश्वर मन्दिर, हनुमान थान र सीता गुफा पार्क निर्माणः रु.७४,२२,५४०।-
८. दुर्गा आधारभूत विद्यालय पर्खाल निर्माणः रु.३,००,०००।-

निर्णय नं. ३

आ.व. ०७८/७९ मा सञ्चालनमा रहेका तर सम्पन्न हुन बाँकी तपसिल बमोजिमका आयोजनाहरुको मिति २०७९/०९/१५ सम्म म्याद थप गर्ने निर्णय गरियो।

१. छाप-दव्छे-सुलसुले ग्रामिण सडक स्तरोन्नती (ठेक्का नं. KLGD-W-NCB-UCDSMB-8-067-77)
२. झाँगे देउराली-घरीपोखरा-गहलाम सडक स्तरोन्नती (ठेक्का नं. KLGD/W/NCB/02/078/079)
३. प्रशासकीय भवन निर्माण (ठेक्का नं. KLGD/W/NCB/OBKLRM/07/076/077)
४. औधोगिक ग्राम भवन निर्माण (ठेक्का नं. KLGD/W/NCB/IND/01/078/79)
५. ल्याण्डफिल्ड साइट निर्माण (ठेक्का नं. KLGD/W/NCB/LFS/03/078/79)
६. झाँगे देउराली-घरीपोखरा-गहलाम ग्रामिण सडक (ठेक्का नं. KLGD/W/NCB/UJGG/01/077/78)

निर्णय नं. ४

रोजगार सहायकको छनौटको लागि कार्यविधि बमोजिम विषय विज्ञको रुपमा रोजगार शाखामा कार्यरत रोजगार संयोजक नवीन नेपालीलाई विषय विज्ञको रुपमा छनौट गर्ने निर्णय गरियो।

निर्णय नं. ५

गाउँपालिका भित्रका तपसिल बमोजिमका विपन्न व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

| क.सं. | नामथर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | एक बहादुर राना | वडा नं. २ | [illegible] | [illegible] |

| | | | | |
|---|---|---|---|---|
| ४. | किपट आ.वि. | वडा नं. १ | २ लाख रुपैयाँ | पहिरो नियन्त्रण |
| ५. | पिताम्बर पाण्डे | वडा नं. ४ | १५ हजार रुपैयाँ | मृगौला पिडित |
| ६. | मायादेवी दमाई | वडा नं. ४ | १५ हजार रुपैयाँ | मुटु रोगी |
| ७. | कविता पाण्डे | वडा नं. ४ | १५ हजार रुपैयाँ | गोठ जलेको |

निर्णय नं. ६

क. तपसिल बमोजिम न्यायीक समिति गठन गर्ने निर्णय गरियो।

श्री सावित्रा कोइराला (गा.पा. उपाध्यक्ष) संयोजक

श्री हुमादेवी सार्की (कार्यपालिका सदस्य) सदस्य

श्री शोभाकर पाण्डेय (२ नं. वडा सदस्य) सदस्य

ख. तपसिल बमोजिम अपाङ्ग परिचय-पत्र वितरण समन्वय समिति गठन गर्ने निर्णय गरियो।

श्री सावित्रा कोइराला (गा.पा. उपाध्यक्ष) संयोजक

श्री प्रमुख प्रशासकीय अधिकृत सदस्य

श्री महिला तथा बालबालिका शाखा प्रमुख सदस्य

श्री दिपा रसाइली (वडा सदस्य) सदस्य

श्री ठगविर राना (प्र.अ.) सदस्य

श्री युवराज थापा (स्वास्थ्यकर्मी) सदस्य

श्री ~~बिर्घा प्रहरी चौकी प्रमुख~~ नगर प्रहरी सदस्य

श्री कृष्णा गाहा सदस्य

श्री ज्ञान प्रसाद न्यौपाने सदस्य

श्री बिन्दु भट्टराई सदस्य-सचिव

२०७९/०४/१८

प्रस्तावहरुः

१. कोभिड बढ्दो जोखिम न्यूनीकरण सम्बन्धमा।
२. बजार अनुगमन प्रभावकारी बनाउने सम्बन्धमा।
३. समिति गठन सम्बन्धमा।
४. छात्रवृत्ति सम्बन्धमा।
५. वडापत्र सम्बन्धमा।
६. विपद् व्यवस्थापन तथा आर्थिक सहयोग सम्बन्धमा
७. जग्गा भाडामा लिने सम्बन्धमा।
८. झोलुङ्गे पुल माग सम्बन्धमा।
९. आयोजनाको म्याद थप सम्बन्धमा।
१०. विपद् लाभग्राही विवरण सम्बन्धमा।

निर्णयहरुः

माथिका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

निर्णय नं. १

कोभिड परीक्षणको दायरालाई फराकिलो बनाई कोभिड संक्रमित भए होम आइसोलेसनमा बस्ने, अस्पतालमा आइसोलेसन निर्माण गर्ने, अस्पताल भर्ना भएका कोभिड बिरामीलाई निःशुल्क उपचार गर्ने साथै सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. २

बजार अनुगमन प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक तालिमको व्यवस्था गरी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्व र जनप्रतिनिधिको सहयोगमा नियमित रुपमा अनुगमन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

क. पालिका भित्र सञ्चालन हुने सम्पूर्ण सार्वजनिक यातायातहरुबाट सेवा प्रवाह एवं भाडादर सम्बन्धमा तपसिल अनुसारको यातायात व्यवस्थापन तथा भाडादर सम्बन्धी समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री कृष्ण बहादुर लामिछाने (१ नं. वडाध्यक्ष) | संयोजक |
| श्री यादव प्रसाद पाण्डेय (४ नं. वडाध्यक्ष) | सदस्य |
| श्री सुन्दर प्रसाद अधिकारी (६ नं. वडाध्यक्ष) | सदस्य |